# महालक्ष्मी विकास बैंक लि.
# Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

## महालक्ष्मी विकास बैंक लिमिटेड
## केन्द्रीय कार्यालयको
# सवारी साधन शीलबन्दी दरभाउपत्र मार्फत बिक्रीको लागि ७ (सात) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०७९/०५/७ गते

यस बैंकको स्वमित्वमा रहेको तपसिलको विवरण भएको सवारी साधन (गाडी) जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा शिलबन्दी दरभाउपत्र मार्फत बिक्री गर्नु पर्ने भएकोले उक्त गाडीहरु खरिद गर्न चाहने इच्छुक व्यक्ति वा संस्थाले के कति मूल्यमा खरिद गर्न चाहेको हो सो खुलाई यस बैंकको केन्द्रीय कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ७औं दिनको कार्यालय समय भित्र देहायका शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मिति भित्र रितपूर्वक प्राप्त हुन आएको दरभाउपत्र ८औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयको सामान्य सेवा विभाग थापाथलीमा खोलिनेछ। बिक्री हुने गाडी हेर्नका लागि सम्बन्धित शाखामा सम्पर्क गरि हेर्न सकिनेछ। थप जानकारीको लागि यस बैंकको केन्द्रीय कार्यालय सामान्य सेवा विभाग र सम्बन्धित शाखाहरुमा सम्पर्क गर्न सकिनेछ।

### बिक्री हुने गाडी तपसिल विवरण :

| क्र.सं. | गाडी रहेको स्थान | गाडी नं. | सवारीको किसिम | बनेको साल | न्यूनतम कबोल मूल्य |
|---|---|---|---|---|---|
| १ | भैरहवा | लु.१च.४७५२ | महिन्द्रा बोलेरो SLX 2WD | २०१२ | ५,६०,०००/– |

**शर्तहरु :**

१. बैंकले निर्धारण तथा प्रमाणित गरेको सक्कल बोलपत्र फाराममा नै बोलपत्र भरिएको हुनु पर्नेछ। प्रतिलिपी वा फोटोकपीमा भरिएको बोलपत्रलाई मान्यता दिइने छैन। बोलपत्र फाराम यस बैंकको केन्द्रीय कार्यालयको सामान्य सेवा विभाग थापाथलीबाट रु १०००/(एक हजार मात्र) (खाता नाम र नम्बर Miscellaneous Income & Account No. 99950505000050) फिर्ता नहुने गरि यस बैंकको केन्द्रीय कार्यालय थापाथली वा सम्बन्धीत शाखामा जम्मा गरिएको सक्कल भौचर पेश गरि यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कारोबार समय सम्म खरिद गरि बुझाउनु पर्नेछ।

२. दरभाउपत्र आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ।

३. दरभाउपत्र साथ आफूले कबोल गरेको रकमको १० प्रतिशत धरौटी रकम (A/C No: 99921607031017 Misc. Sundry Creditors) यस बैंकको शाखाहरुमा जम्मा गरेको सक्कल भोचर संलग्न गर्नु पर्नेछ।

४. रितपूर्वक पर्न आएका शीलबन्दी दरभाउपत्रहरु मिति २०७९/०५/१४ गतेको दिन को ३:०० बजे यस बैंकको सामान्य सेवा विभाग थापाथलीमा शीलबन्दी दरभाउपत्रदाता/निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। शीलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शीलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

५. शीलबन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन र खोल्ने सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्यहरु हुनेछन्।

६. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले बोलपत्रदाताहरु आफूले कबोल गरेको रकम १० प्रतिशत धरौटी वापत दाखिला गरेको रकम कटाई बाँकी हुन आउने रकम दाखिला गरि आफूले सकार गरेको सवारी साधन ७ दिन भित्र नामसारी गरि लिई सक्नुपर्नेछ। तोकिएको म्याद भित्र नामसारी गरि नलिएमा निजले धरौटी वापत दाखिला गरेको रकम जफत गरि अर्को बोलपत्रदातालाई नामसारी लाने आदेश दिन सकिनेछ।

७. नामसारी गर्दा लाग्ने खर्च तथा तिरो सम्बन्धी खर्चहरु दरभाउपत्रदाता स्वंयमले व्योवहर्नु पर्नेछ।

८. तोकिएको म्याद भित्र प्राप्त नभएका र रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

९. दरभाउपत्र पेश गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र कागजातको प्रतिलिपी पेश गर्नु पर्नेछ।

१०. प्राप्त दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकको निहित रहनेछ। सो सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन बैंक बाध्य हुने छैन।

११. गाडीको अवस्था प्रत्यक्ष रुपमा अवलोकन गर्न सम्बन्धीत शाखामा जानु पर्नेछ।

१२. यस सम्बन्धि थप जानकारी लिनु परेमा यस बैंकको सामान्य सेवा विभाग, थापाथलीमा सम्पर्क गर्न सकिनेछ वा यस बैंकको Website बाट हेर्न सकिनेछ।

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-४२६८१५३, ४२६८७१९

**सामान्य प्रशासन विभाग,** थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९/२०

सबल बैंक, सफल सहकार्य